# कावासोती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
शिवमन्दिर, नवलपरासी (वर्दघाट सुस्ता पूर्व)

# बोलपत्र आव्हानको सुचना

प्रथम पटक प्रकाशित मितिः२०७६।०९।०८

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड (ञ) मा व्यवस्था भए बमोजिम नगरपालिका क्षेत्रभित्र निर्धारित मापदण्ड र दर बमोजिम फोहरमैला व्यवस्थापन र फोहरमैला शुल्क संकलनका लागि आ.व. ०७८/७९सम्मका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले ईच्छुक फर्म, सँस्था तथा कम्पनीहरुले सँस्था दर्ता, नवीकरण, मु.अ. कर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र हरुको प्रतिलिपी संलग्न गरि तपशिल बमोजिमको शर्तको अधिनमा रहि कार्यालयले तोकेको ढाँचामा प्राविधीक तथा आर्थिक प्रस्ताव सहित बोलपत्र पेश गर्नको लागि यो ३० दिने सुचना प्रकाशन गरिएको छ।

**शर्तहरुः**

१. बोलपत्र पेश गर्न ईच्छुक बोलपत्रदाताले रु. ३०००/- (फिर्ता नहुने गरि) तिरि कार्यालयबाट बोलपत्र सम्वन्धी कागजात ( प्राविधीक र आर्थिक प्रस्तावको ढाँचा ) सुचना प्रकाशन भएको मितिले ३० औँ दिनसम्म प्राप्त गर्न सक्नेछ।

२. कार्यालयले तोकेको ढाँचामा प्राविधिक र आर्थिक प्रस्ताव तयार गरि उक्त प्रस्तावहरुलाई छुट्टाछुट्टै खामबन्दी गरि खामबन्दी गरिएका प्रस्तावलाई एउटै खामभित्र राखि सुचना प्रकाशन भएको मितिले ३१ औँ दिनको १२ बजेभित्र कार्यालयमा दर्ता गराईसक्नुपर्नेछ । दर्ता भएका बोलपत्रहरु सोहि दिनको २ बजे बोलपत्रदाताको प्रतिनिधीको उपस्थितिमा खोलिनेछ । बोलपत्रदाताको प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

३. बोलपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिनमा बिदा पर्न गएमा सो को लगत्तै कार्यालय खुल्ने दिनलाई खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन मानिनेछ।

४. बोलपत्र साथ कावासोती नगरपालिकाको धरौटी खाता नं ३२००३०३००७१०२ मा न्यूनतम रु दुइ लाख पचास हजार धरौटीवापत जम्मा गरेको भौचर वा न्यूनतम १२० दिन मान्य भएको बैंक जमानत अनिवार्यरुपमा संलग्न गर्नुपर्नेछ।

५. फोहरमैला व्यवस्थापन कार्यमा वडा तथा टोलमा दिनुपर्ने सेवाको विवरण, संकलन गर्नुपर्ने फोहरमैला तथा कवाडीजन्य वस्तु सम्वन्धि विवरण र अन्य जानकारी कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

६. फोहरमैला व्यवस्थापन सम्वन्धी कार्य सञ्चालन फोहरमैला व्यवस्थापन ऐन २०६८, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र कावासोती नगरपालिकाको फोहरमैला व्यवस्थापन सम्वन्धी कार्यविधी २०७६ तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ।

७. कारण जनाई वा नजनाई बोलपत्र रद्द गर्ने अधिकार कावासोती नगरपालिकाको हुनेछ।